# महाप्रलय

[ **नेपाली -** Nepali - نيبالي ]


**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

**संशोधक: मोहम्मद इदरीस सलफी**



2013 - 1434

IslamHouse.com

# يوم القيامة

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة: محمد إدريس سلفي

2013 - 1434

IslamHouse.com

# सर्वाधिकार लेखकमा सुरक्षित छ ।


**पुस्तक पाइने ठेगानाहरूः**

**१- इस्लाम हाउस डाट काम (islsmhouse.com)**

**२- आमन्त्रण तथा प्रदर्शन केन्द्र अर्रबवा (रियाज)**

**३- इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु**


**कपिलवस्तु नगरपालिका वार्ड नं.९ महुवा**

**सम्पर्क ईमेलः nepali@islamhouse.com**

**Atiqkhannp1982@yahoo.com**

**Mohammadidrees787@yahoo.com**

# मन्तब्य

بسم الله الرحمن الرحيم

الحمد لله رب العالمين والصلاة والسلام على أشرف الأنبياء والمرسلين وعلى آله وأصحابه أجمعين، ومن تبعهم بإحسان إلى يوم الدين وبعد .

**समस्त प्रशंसा त्यस अल्लाहका लागि जुन सम्पूर्ण जगतको स्वामी हो, र शान्ति होस् अल्लाहको अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँको घरवालाहरू र संपूर्ण साथीहरूमाथि। महाप्रलय नामक पुस्तिका तपाईहरूको समक्ष राख्दा मलाई अति खुशी लागेको छ, जसमा महाप्रलयका अधिकतम कुराहरूमाथि प्रकाश पारिएको छ, महाप्रलयमाथि अस्था राखनु ईमानको स्तम्भहरू मध्ये एक हो, त्यसै कारण मैले सबैलाई यसबारे विस्तृत जानकारी गराउने उद्देश्य लिई यस किताबलाई तयार पारेको छु, साथै यो किताब ती सबै समुदायहरूको लागि पनि लाभदायक छ जसको यो अस्था छ कि मृत्यु अवश्य आउने छ। र पुर्नजन्ममा अस्था नाराख्नेहरूलाई पनि सत्यको ज्ञान गराउने छ, र समस्त भ्रमित मान्छेहरूलाई सत्मार्ग देखाई इस्लामीय प्रकाशबाट परिचय गराउने छ। मलाई आशा छ कि यो पुस्तक हाम्रा पाठकहरूका लागि रूचीकर सिद्धहुन्छ र उहाँहरूको ज्ञानमा वृद्धिगरि सत्य पथमा लगाउने छ ।**

**अल्लाहसित यो प्रार्थना छ कि अल्लाह मेरो यो सानो प्रयासलाई कबूल गरी मेरोलागि र मेरो अमा बुवा र संतानको लागि सदकतुल जारीया बनाई स्वर्ग प्राप्तीको माध्यम बनाउन् (अमीन)**


**तपाईहरूको शुभ चिन्तक**

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

Email-atiqkhannp1982@yahoomail.com

nepali@islamhouse.com

mob-k.s.a.0501372254

Nepal-0977-9847030780-9727649238

प्रत्येक मुसलमानको यो आस्था छ कि यो संसार एक दिन ध्वस्तभई अन्तहुने छ, र त्यसपछि एउटा यस्तो दिन आउनेछ जसलाई महाप्रलय भनिन्छ, जसदिन पश्चात आर्को जीवनको प्रारम्भ हुनेछ। राम्रो कर्मगर्नेहरू स्वर्गमा र कुकर्मगर्नेहरू नर्कमा हालिने छन्, यसै दिनलाई हामी महाप्रलय भन्छौ, र यो दिन आउने अघि केही लक्षणहरू जाहेर हुनेछन् जसलाई अगाडि वर्णन गरिन्छ ।

## महाप्रलयका केही नामहरूः

१- यौमुल् आखिर ।

२- यौमुद्दीन ।

३- यौमुल कियामः ।

४- यौमुल् जमअ ।

५- यौमुल् फतह ।

६- अल् वाकियः ।

७- यौमुल् फस्ल

८- अस्साख्खः ।

९- अत्तामतुल् कुब्रा ।

१०- अल् कारिअः ।

११- अल् हाक्कः ।

१२- अस्साअः ।

१३- अल् आखिरः ।

१४-	यौमुत्तगाबुन ।

१५-	यौमुल् हश्र । अदि.....

## महाप्रलयका विशेषताहरूः

१- अदभुत र अटल सत्यताको दिन ।

२- काफिर (अनास्थावान)हरूमाथि कष्टदायक दिन ।

३- त्यसदिन सबै प्राणीहरूलाई प्रतिफल दिइन्छ ।

४- अल्लाहद्वारा म्यादबद्ध गरिएको दिन ।

५- अति निकट्तम दिन ।

६- अचानक (एक्कासी) आउनेवाला दिन ।

७- त्यो दिन शुक्रबारको दिन आउने छ ।

८- त्यस दिनको समय अवधि पचास हजार सालको बराबर हुनेछ ।

९- आस्थावानहरूको लागि त्यसदिनको समय अवधि जोहर र अस्रको बीच भएको समय बराबर हुनेछ ।

१०- त्यस दिन सूर्यलाई पृथ्वीबाट नजीक गराइनेछ ।

११- त्यस दिन बिना अल्लाहको अज्ञा भए सम्म कुनै प्राणी कुरागर्न सक्दैन ।

१२- त्यस दिन अल्लाह बाहेक कुनै आर्को मालिक (स्वामी) हुँदैन ।

१३- त्यस दिन अनास्थावानहरू अफसोच गर्नेछन् ।

१४- त्यस दिनको आगमनबारे अल्लाह बाहेक कसैलाई थाहा छैन ।

१५- त्यस दिन हरेक वस्तुको वास्तविकता मनुष्यलाई थाहा हुनेछ ।

१६- त्यस दिन सत्यको विजय हुनेछ ।

१७- त्यस दिन समस्त प्राणीहरू एउटै ठाउँमा भेला हुनेछन् ।

१८- त्यस दिन सबै नंग्न अवस्थामा हुनेछन् ।

१९- त्यस दिन पुल सेरात कायम गरिने छ ।

२०- त्यस दिन अल्लाहको दया र क्रोधको साक्षातकार हुनेछ ।

र यस्तै अरू धेरै विशेषताहरू कुरआनमा र हदीसमा वर्णन छन् जसलाई वर्णनगर्ने यो ठाउँ होइन, जसलाई यसको बारेमा अधिक ज्ञान चाहिन्छ त्यो हदीसका ग्रन्थहरूलाई हेरोस् ।

## प्रलयका दुई किसिमहरू (थरि) छन्

१- सानो प्रलयः यो प्रलय मनुष्यको मृत्यु पश्चात आरम्भ हुन्छ र यस्को समय सीमा महाप्रलयको आरम्भ हो ।

२- महाप्रलयः यो त्यो दिन हो जसदिन समस्त प्राणीहरूलाई हिसाब किताबको लागि अल्लाहको सामुन्ने

उभ्याइने छ, र नर्कीयलाई नर्कमा र स्वर्गीयलाई स्वर्गमा हालिने छ ।

<u>महाप्रलय घटित हुनुको केही महत्वपूर्ण लक्षणहरूः</u>

<u>सानो लक्षणहरूः</u>

१- संसारिक मोहमायाँतर्फ प्रवृत्तहुनु, र अल्लाहबाट मुख फर्काउनु ।

२- अज्ञान्ताको विस्तारहुनु, र ज्ञान घटदैजानु, र रक्तपात बढदै जानु अर्थात मान्छेहरू एक आर्कालाई अनायासमा हत्या गर्छन् ।

३- उपद्रव बढदै जानु ।

४- मुसलमानहरूको बीच ठूलो युद्धहुनु र यस युद्धमा दुबै समूहको दाबी एकनास हुनेछ ।

५- जब दासी आफ्नो स्वामीलाई जन्माउनेछे र गोठालाहरू ठूला ठूला स्मार्क बनाई त्यसमाथि अभिमान गर्नथाल्छन् ।

६- महाप्रलय घटित हुँदैन यहाँ सम्म कि मुसलमानहरू यहूदीहरूसित निर्णायक युद्ध गर्दैनन् ।

७- सम्पन्नता र धनमा बढोतरी हुनु ।

८- अरब महाद्वीपमा खोला नाला बग्नथाल्नु ।

९- प्रलय नजिक मूर्खहरूलाई सबै भन्दा सज्जन र राम्रो मान्छे मानिन्छ ।

१०- मनुष्य यो चाहन्छ कि काश म मरेर चिहान भित्र भएको भए राम्रो हुन्थ्यो ।

११- प्रलय यस्तो मान्छेहरू माथि कायम हुनेछ जुन यस संसारका सबै भन्दा दुष्ट मनुष्यहरू हुनेछन् ।

१२- ती लक्षणहरू मध्य यो पनि हो कि महिलाहरू जिलखलसा नामक ठाउँको परिक्रमा गर्न थाल्छिन, र यो ठाउँ अरब महाद्वीपमा स्थित छ ।

१३- यो उम्मत (मुसलमानहरूको समूह) पहिलाका अनभिज्ञ मान्छेहरूका पाइलामा हिंड्न थाल्छन् ।

१४- मुस्लिमहरू तुर्कहरूसित युद्ध गर्नेछन् ।

१५- प्रलय त्यस बखत सम्म आउँदैन जब सम्म यस पृथ्वीमथि यस्तो मान्छे रहुन् जुन अल्लाह अल्लाह भन्दै अल्लाहसित प्रार्थना गरुन् ।

१६- प्रलय नजिक कअबाको परिक्रमालाई स्थगित गरिदिइने छ ।

१७- मुस्लिमहरू बहुदेववादीहरूसित मिली हाल्छन्, र मूर्ति पूजा प्रारम्भ गरिहाल्छन् ।

१८- प्रलय नजिक कबीला कहतान (अरबको एउटा कुल) बाट एउटा मान्छे निस्कनेछ जुन सबैलाई आफ्नो लठ्ठी (लाउरो)को माध्यमले जनावर झैं हाँकछ ।

**१९-  प्रलयको लक्षण मध्ये यो पनि हो कि व्यभिचार, वलात्कार आफ्नो चर्मसीमा सम्म पुगिहाल्छ, मदिरा सेवन अधिक मात्रामा भइहाल्ने छ, र पुरूषको संख्या घटदै जान्छ यहाँ सम्म कि ५० महिलाको एक मात्र लोग्ने हुनेछ ।**

**२०-  अनभिज्ञहरूबाट ज्ञान प्राप्त गरिन्छ ।**

**२१-  लात र उज्जा(अरबका मूर्तिहरूको नाम हो) को पूजा पुनः प्रारम्भ हुनेछ ।**

**२२-  जनावर र पशुहरू मनुष्यहरूसित कुरागर्न थाल्छन्।**

**२३-  जहजाह नामक पुरूषको राज्य आउने छ ।**

**२४-  प्रलय नजिक झूठालाई सत्यवान भनिन्छ, र सत्यवानलाई झूठ्ठा, र ईमानदारलाई बेईमान र बेईमानलाई ईमानदार भनिन्छ ।**

**२५-  कअबालाई हब्शाको एउटा मान्छेद्वारा ध्वस्त पारिन्छ ।**

**२६-  प्रलय नजिक सालको अवधि महीना जस्तो भई हाल्छ, र महीनाको अवधि सप्ताह जस्तो भई हाल्छ, र सप्ताह दिन जस्तो र दिन घंटा जस्तो र घंटा क्षण जस्तो भईजान्छ ।**

**र यस जस्तो अरू धेरै लक्षणहरू हदीसमा वर्णन गरिएका छन् जसबाट प्रलयको निकट्ताको ज्ञान हुन्छ ।**

**प्रलय घटितहुनको ठूलो लक्षणहरूः**

मुस्लिम शरीफको एउटा हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

अर्थः प्रलय तब सम्म कायम हुँदैन जब सम्म यो दश लक्षणहरू पूर्णरूपले घटित हुंदैनन्! सूर्योदय पश्चिमतर्फबाट हुनेछ, याजूज माजूज निस्कन्छन्, र दाब्बतुल् अर्ज (एक प्रकारका जनावरहरू) पनि निस्कन्छन्, र तीन पटक पृथ्वी धंसनेछ, एक पटक पूर्वमा एक पटक पश्चिममा र एक पटक अरब महाद्वीपमा, र एउटा आगो अदन नामक स्थानबाट निस्कने छ जुन समस्त प्राणीहरूलाई महशरको मैदान (चौर)तर्फ लग्नेछ, र ईसा अलैहिस्सलामको अवतरण हुनेछ । (मुस्लिम शरीफ)

**क्रमशः लक्षणहरू घटितहुनेबारे विवरणः**

 सबै भन्दा पहिला जुन ठूलो लक्षण जाहेर हुन्छ त्यो हो पश्चिमबाट सूर्योदय हुनु र दाब्बतुल् अर्जको निस्कासन, यो दुई लक्षण जाहेर भए पछि तौबा (क्षमायाचना)को ढोका बन्द भईहाल्छ, तौबागर्नेहरूको तौबा यस पश्चात कबूलहुने छैन।

	तत पश्चात इमाम मेंहदी अउने छन् जसका लागि अल्लाहले अकाशको मुहान वृष्टिको लागि खोलिदिन्छन र पृथ्वी उहाँलाई खाद्यान दिनेछ, र उहाँलाई सम्पूर्ण समाग्री प्रयाप्त र प्रशस्तरूपले प्राप्त हुनेछ । र यो मेहंदी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको सन्तति मध्येका हुनेछन्, अर्थात उहाँको छोरी फातिमा रजीअल्लाहो अन्हाको संतानहरू मध्येका हुनेछन् । र इमाम मेहंदीका विशेषताहरू मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको विशेषताहरूसित मेलखाने छन् । र अल्लाह उहाँलाई यति समृद्धता प्रदान गर्नेछ कि उहाँको सम्पत्ति नगन्य हुनेछ। इमाम मेहंदी ५ देखी ९ वर्ष भित्रको अवधि यस संसारमा व्यतीतगर्ने छन्, जस्तो कि इमाम तिर्मिजीले वर्णनगर्नु भएको छ ।

	तत पश्चात पृथ्वीलाई धंसाइने र (खसफ) सबैलाई मेटाइने (कजफ) ढुंगा प्रहारहुने जस्तो घटनाहरू घटित हुनेछन्, र यो ठूला घटनाहरू तब सम्म घटित हुँदैनन् जब सम्म व्यभिचार, बलात्कार, र मदिरा सेवन अदि.... खुल्लम् खुल्ला न भई जाओस् र अधिकतम् मान्छेहरू यसमा संलग्न न भई हालुन् ।

	यस पछि दाब्बतुल् अर्जको जहूर (प्रकटन) हुने पुष्टि हुन्छ, जुन यस्तो जनावर हुन्छन् कि प्रत्येक मान्छेमाथि एउटा निशानी लगाएर छाडछन् ।

- यस पछि आगो निस्कन्छ जुन सबैलाई एक ठाउँमा जम्मा (भेला) गर्नेछ ।
- यस पछि याजूज माजूज निस्कन्छन् त्यस पर्खाललाई टुक्रा टुक्रा पारेर जसलाई जुल्करनैनले बनाएका थिए।
- यस पछि दज्जाल जाहेर हुनेछ, दज्जाल मक्का मदीना बाहेक समस्त ठाउँमा पुग्छ, दज्जालको एउटा आँखा मेटिएको हुन्छ अर्थात काना हुन्छ, त्यसको निधारमा कुफर लेखिएको हुनेछ, त्यो मुर्दालाई जीवितगर्ने दाबीगर्छ, आफूलाई नमान्नेहरूलाई कष्टदायक यातना दिनेछ, र त्यसको बध ईसा अलैहिस्सलामले गर्नेछन् ।
- यस पछि ईसा अलैहिस्सलामको अनगमन हुनेछ, ईसा अलैहिस्सलाम आकाशबाट झरने छन् र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको अनुयायी बनी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको उम्मतीहरूलाई नमाज पढाउने छन्, सलीबलाई भांचने छन् र सुँगुरलाई मार्ने छन् अनि दज्जालको बध गर्नेछन्, अनि उहाँलाई पनि प्राकृतिक मृत्यु आउनेछ ।

उप्रोक्त कुराहरू हदीसहरूका ग्रन्थहरूमा विस्तृत तरिकाले वर्णन गरिएको छ अधिक जानकारीको लागि हदीसहरूको अध्यन गर्नुहोस् ।

## महाप्रलयको दिन

जब महाप्रलय घटित हुन्छ तब सबै सृष्टि नंग्न अवस्थामा आफ्नो पालनहारतर्फ प्रवृत्त हुनेछन्, र सबैजना महशरको मैदानमा भेला हुनेछन्, सबै भन्दा पहिला हजरत इब्राहीमलाई लुगा लगाइने छ, समस्त सृष्टिहरू अल्लाहको भयले आफ्नै पसीनामा डुबी हाल्ने छन्, र सूर्यलाई पृथ्वी नजिक गरिन्छ, पर्वतलाई चलाइन्छ र पृथ्वी आफू भित्रको सम्पूर्ण समाग्रीलाई निकाली फ्याँकछ। त्यस दिन भाइ भाइलाई चिन्हदैन, आमा आफ्नो बच्चालाई बिर्सिदिन्छे, र त्यो दिन यस्तो भयानक हुन्छ कि गर्भवती महिला आफ्नो गर्भपात गरिहाल्छे, र सबै बौलहा जस्तो अवस्थामा हुन्छन् । र त्यस दिन तीन ठाउँ एवं अवस्था यस्तो आउने छ जस ठाउँमा कुनै मनुष्य कसैलाई याद गर्दैन र त्यो निम्न हुनः

१- तराजु (तुला) मा कर्महरूको तुल्नाहुने बखत यहाँ सम्म कि मान्छेलाई यो थाह नभई जाओस् कि उसको सत्कर्मको तुला हलुङ्गो अथवा ग्रहुङ्गो भएछ।

२- र कर्महरूको वितरणको बखत जब कर्मकाँड दायाँ एवं देब्रे हातमा दिइने छ ।

३- र पुल सेरातमाथि यहाँ सम्म कि त्यसलाई पार नगरोस् ।

र यस्तै महशरको मैदानबाट कुनै मनुष्य हिलडुल गर्न सक्दैन यहाँ सम्म कि चार कुराबारे जवाफदेही नगरिदेओस्, र त्यो निम्न कुराहरू हुनः

१- आफ्नो उमेरबारे कि त्यसलाई कहाँ बितायो ।

२- आफ्नो ज्ञानबारे कि त्यसमाथि कति कर्म गर्यो ।

३- त्यसको धन सम्बन्धि कि त्यसलाई कुन ठाउँबाट कमायो र कुन ठाउँमा खर्च गर्यो ।

४- र आफ्नो शरीरलाई कुन कुराहरूमा प्रयोग गर्यो ।

महशरको मैदान स्वच्छ सेतो हुनेछ, र अनास्थावानहरूलाई उनीहरूको अनुहारद्वारा (मुखको बल) हिँडाउदै जम्मा गरिनेछ यस्तो अवस्थामा कि उनीहरू तिर्खाएका हुनेछन्, र उनीहरूलाई चारैतर्फबाट तिरस्कारले घेरेको हुनेछ, र आस्थावानहरूलाई इज्जत सम्मानको साथ जम्मा गरिनेछ यस अवस्थामा कि उनीहरूको अनुहार प्रफुल्लित हुनेछन् र कुनै भयत्रास हुँदैन ।

आस्थावानहरूको हिसाब किताब सरल्तापूर्वक सम्पन्न हुनेछ तर अनास्थावानहरूको हिसाब कष्टदायक हुनेछ ।

## हौजे कौसरः

जब हशरको मैदानमा सबै तिर्खाएको अवस्थामा उनमादी जस्तो देखिन्छन् र त्यहाँ दूर दूर सम्म पानीको नाउँनिशान पनी हुँदैन त्यहीँ हाम्रो नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई हौजे कौसर प्रदान गरिन्छ त्यसको एक किनारा देखी आर्को किनाराको दूरी एक महीनाको दूरी जति हुनेछ, त्यस हौजको पानी स्वच्छ सेतो हुनेछ र मह भन्दा मीठो एवं मिस्क भन्दा सुगंधित हुनेछ, जसले त्यसबाट पानी खान्छ त्यो कहिले पनि तिर्खाउँदैन, सदैवको लागि तिर्खामुक्त भइजान्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमका सबै उम्मतीहरूलाई त्यसबाट पानी खाने सौभाग्य प्राप्त हुनेछ ती अभागाहरू बाहेक जसले शिर्क (बहुदेववाद) र बिदअत (इस्लामीय विधानमा नयाँ कार्यको विस्तार गर्नुलाई अरबीमा बिदअत भनिन्छ) गरे र रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धतिलाई छाडी आर्को तरिकालाई अपनाए । र हशरको मैदानमा नै रसूल सल्लल्लाहो अलैहे वसल्लमको शिफाअत (सिफारिश) उहाँको उम्मतीहरू र अन्य उम्मतीहरूको लागि हुनेछ, त्यस मध्ये सबै भन्दा ठुलो शिफाअत जसलाई मकामे महमूद पनि भनिन्छ त्यो हाम्रो रसूल मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको लागि विशिष्ट छ, जब सबै हशरको मैदानमा उभिएका हुनेछन् र भयत्रासले सबैलाई घेरेको हुनेछ

तब हाम्रो नबी सल्लल्लाहो अलैहे वसल्लम आफ्नो पालनकर्तासित शिफारिस गर्छन् कि अल्लाह सबैको हिसाब किताब लिई यस भयत्रासबाट मुक्ति प्रदान गरुन् ।

यस्तै उहाँ सल्लल्लाहो अलैहे वसल्लमको लागि आर्को शिफारिस पनि विशिष्ट गरिएको छ त्यो हो स्वर्गको ढोका खोलाउनको निम्ति शिफारिस गर्नु , जब हिसाब किताब भई हाल्छ अनि स्वर्गीयहरू स्वर्गको ढोकाछेउ पुगिहाल्छन् अनि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहसित प्रार्थना गर्छन् कि स्वर्गीयहरूको लागि स्वर्गको ढोका खोलियोस् ।

यस्तै रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्ना उम्मतका केही मान्छेहरूका लागि प्रार्थना गर्ने छन् कि उनीहरूलाई बिना हिसाब किताब स्वर्गमा हालियोस्।

यस्तै रसूल सल्लल्लाहो अलैहे वसल्लम यस्ता मान्छेहरूको लागी पनि शिफाअत गर्छन् जुन आफ्ना पापहरूको कारणले नर्कमा हालिएका हुनेछन् तर उनीहरू एकेश्वरवादी थिए अनि रसूल सल्लल्लाहो अलैहे वसल्लम उनीहरूको लागि आल्लाहसित प्रार्थना गर्छन् कि उनीहरूलाई नर्कबाट निकालियोस् र स्वर्गमा प्रवेश गराइयोस् ।

र यस्तै उहाँ सल्लल्लाहो अलैहे वसल्लम आफ्नो काका अबू तालिबको लागि पनि शिफारिस गर्नु हुन्छ कि अबू तालिबको नर्कीय सजायमा कमी गरियोस् ।

र यस्तै अरु शिफाअतहरू पनि महशरको मैदानमा महाप्रलयको दिन हुनेछ जस्तो अम्बियाहरूको शिफाअत, फरिश्ताहरूको शिफाअत, आस्थावानहरूको शिफाअत, शहीदहरूको शिफाअत, बाल्यकालमा मरेका शिशुहरूको शिफाअत, कुरआन, नमाज, रोजा (व्रत)को शिफाअत ...आदि ।

## <u>स्वर्गः</u>

स्वर्गमाथि आस्था राखनु अनिवार्य छ, स्वर्ग हामी जस्तै सृष्टि हो र अल्लाहले आफ्ना भक्तहरूको लगि त्यसलाई त्यार पारेको छ, जसमा अनेकौ प्रकारका सुखसमाग्री छन्, जसलाई नत कसैले हेरेको छ नत कसैले कल्पना गर्न सक्नेछ । अर्थात त्यस स्वर्गमा सम्पूर्ण सुखसमाग्री एवं साधन छन्, जसको बारेमा कुरआन र हदीसमा विस्तृतरूपले वर्णन छ । जसलाई स्वर्गबारे अधिक जानकारी जाहिन्छ अलजन्नतो वन्नार नामक पुस्तकको अध्यन गरोस् ।

## नर्कः

नर्क पनि अल्लाहको सृष्टि मध्ये एक हो, जुन अनास्थावानहरूको बास स्थान हो, त्यसमा अनेकौ प्रकारका कष्टदायक वस्तुहरू छन् जुन अनास्थावानहरूलाई कष्ट पुगाउने छन्, र यो अनास्थावानहरूको अति उत्तम प्रतिफल हुने छ ।

## मृत्यु के हो?

आत्माले शरीरलाई छाडने अवस्थालाई हामी मृत्यु भन्छम्, अर्थात आत्मा र शरीरको बिछोड हुने अवस्थालाई नै मृत्यु भनिन्छ । आत्मा त मर्दैन केवल हाम्रो शरीरलाई छाडि दिन्छ, फेरि चिहानमा शरीरलाई आत्मा फिर्ता गरिन्छ अनि त्यो मनुष्यसित केही प्रश्न गरिन्छ, यदि त्यो मान्छे संसारमा आस्थावान थियो भने त्यो फरिश्ताहरूलाई उत्तर ठीक ठीक दिन्छ र त्यसको लागि स्वर्गको ढोका खोलिन्छ, र त्यसलाई स्वर्गीय हुनुको शुभ सन्देश दिइन्छ। तर यदि त्यो व्यक्ति अल्लाह र रसूलको इन्कारी थियो भने त्यो फरिश्ताहरूलाई ठीक उत्तर दिनसक्दैन, तसर्थ त्यसको लागि नर्कको ढोका खोलिन्छ, र त्यसलाई नर्कीय हुनुको समाचार सुनाइन्छ, अल्लाह हामीहरूलाई नर्कबाट बचाउन् (आमीन)।

## महाप्रलयको प्रारम्भ कसरी हुन्छः

महाप्रलयको आरम्भ सूर (सिंगा) फूकनु पश्चात हुनेछ, त्यो सिंगा जसलाई फरिश्ता आफ्नो मुखनिर गरेर अल्लाहको आदेशको प्रतिक्षा गरिरहेको छ, जुन समय पनि अल्लाहको अज्ञा हुन्छ त्यसै बखत त्यो फरिश्ता सूर फूँकछ। र सूर फूँकनु दुई प्रकारका छन् ।

१- नफखतुल् फजअः वस्सअकः अर्थात यो सूर फूँकदा सम्पूर्ण सृष्टि एवं जगत क्षतविक्षत भई जान्छ, अल्लाह बाहेक सबै बस्तु नष्ट भई हाल्छ, अल्लाहको भनाई छ "र केवल तिम्रो पालनहारको अनुहार (अस्तित्व) मात्र बाँकी रहनेछ" (सूरः अर्रहमान) धरती, आकाश, सूर्य, चन्द्र, अर्थात सबैको अन्तहुने छ ।

२- फेरि दोस्रो सूर फूँकिन्छ जसलाई नफखतुल् बअसे वन्नुशूर भनिन्छ, जस पश्चात समस्त सृष्टिलाई मैदाने महशरतर्फ लगिन्छ र सबैको हिसाब किताब गरिन्छ, जसलाई हामी वस्तृतरूपले पछाडी वर्णन गरी सकेका छौ ।

कतिपय जना पुनर्जन्ममाथि आस्था राख्दैनन्, र भन्छन् कि जब हाम्रो हाँड मासु धरतीमा मिसिहाल्छ फेरि हाम्रो पुर्नावृत्ति कसरी हुन सक्छ? हाम्रो शरीरलाई त्यसतै कसरी बनाउन सकिन्छ? तर हे मानवजाति के तिमीलाई यो थाहाछैन कि यो मनुष्य जसलाई अल्लाहले पहिलो पटक

सृष्टि गरिसकेको छ के पुनः सृष्टिगर्न सक्दैन? हो अवश्य गर्नसक्छ अल्लाह यसमाथि सुक्षम र शक्ति सम्पन्न छ।

हे मानवजाति विचार गर जब तिमीलाई उसले जन्मनएको छ र तिमीलाई ज्ञान प्रदान गरेको छ र त्यसै ज्ञानको आधारमा तिमि एउटा नगेटिबद्वारा सैकडौ एकनास कुनै वस्तु जस्तो कार, ट्रेन, पलेन,चित्र आदि लाई बनाउन सक्छौ भने जसले तिमिलाई र तिम्रो त्यो ज्ञानलाई पनि सृष्टि गरेकोछ जसको आधारमा तिमी यो सबै बनाएका छौ अनि भन त के त्यो सर्वज्ञानी सर्वशक्ति सम्पन्न तिमि जस्तै आर्को बनाउन सक्दैन? अवश्य गर्न सक्छ तर बुद्धिहीनहरू बुझदैनन्। हे मनुष्य तिमी नगेटिबबाट त्यसतै एउटा आर्को रूप बनाउन सक्छौ तर ब्रम्हाण्डको स्रेष्टा जसले समस्त ब्रम्हाण्डको रचना गरेछ के त्यो आर्को ब्रम्हाण्ड बनाउन सक्दैन, यो कस्तो निसाफ हो? तिमी गर्नसक्छौ तर तिम्रो स्रेष्टा गर्न सक्दैन यो कस्तो न बुझने कुरा गैर्छौ, हे मानव जाति सत्यलाई अंगिकार गर र इस्लामीय निर्देशनहरूको पालनागर र आफूलाई र आफ्नो संततिलाई नर्कको ज्वालाबाट बचाऊ, अल्लाह हामी सबैलाई सत्मार्ग ग्रहणगर्ने शक्ति प्रदान गरुन् (आमीन)

# सादर अनुरोध

हे प्रिय पाठक विन्द! यो सानो पुस्तिका पढे पछि तपाईलाई यो थाहाभई सक्यो होला कि यो संसारीय जीवनको अन्त हुनेछ, र एउटा यस्तो दिन पनि आउने छ जसदिन कुनै व्यक्ति कसैको सहायता गर्दैन, त्यसको कर्म नै त्यसको सहायक एवं साथी हुनेछ, तसर्थ हे हाम्रा प्रिय पाठकहरू! त्यस दिनको त्यारी गर, र आफ्नो पालनहारसित साक्षातकारको लागि सुकर्म अगाडि पठाऊ जुन तिम्रो सहायक होस् ।

हे मानव जाति कुकर्मको बाटो त्याग, अनास्थालाई छाड, एकेश्वरमा विश्वास गर, इस्लामलाई अंगिकार गरी त्यस दिनको भयत्रासबाट मुक्ति पाऊ, र महाप्रलयको दिन आफूलाई नर्कको आगोबाट बचाऊ ।

हे मानव जाति! मृत्यु पश्चात तिम्रो धन, सम्पत्ति, छोरा छोरी, आमा बाबु आदि केही काम लाग्ने छैनन्, केवल तिम्रो सत्कर्म नै तिम्रो काम आउने छ, फेरि तिमी कस्को लागि बेईमानी गर्दैछौ, यो धन जसलाई कमाउनको लागि हलाल हराम हेर्दैनौ यस धनको उपभोग कसले गर्छ, तिमी आफना छोरा छोरीको लागि आर्काको धन खोसछौ तर तिम्रा संतानले नै तिमीलाई चिहानमा एकलै छाडिदिन्छन्, के तिम्रो हरामको कमाई तिम्रो काम लाग्यो?

हे मानव जाति! यदि अनन्त शान्ति चाहन्छौ भने सुकर्मगर र आफ्नो संततिलाई पनि सुकर्म गर्ने आदेश गर, यसो गरेमा तिमीलाई लोक परलोकको शान्ति एवं सफलता प्राप्त हुने छ ।

हे प्रिय पाठकहरू! गरीब निसहायको सहायता गर ताकी महाप्रलयको दिन तिम्रो सहायता गरियोस्, गरीबको पीडालाई बूझ ताकी तिम्रो पीडालाई बूझियोस्। असहायलाई खाना खुवाऊ ताकी तिमीलाई स्वर्गबाट खुवाइयोस् ।

कसैको सहायता गरेमा तिम्रो धन घटदैन बरू त्यसमा वृद्धि हुन्छ, र तिम्रो माल सम्पत्तिलाई अल्लाह प्रत्येक आफत विपदाबाट सुरक्षित पारिदिन्छन् र तिमीलाई लोक परलोकको समृद्धता प्रदान गर्नेछन् ।

हे हाम्रा प्रिय पाठकहरू ! यो संसारिक जीवन खेल तमाशा हो, यो समाप्त हुनेवाला छ, सदैवको जीवन त परलोकको जीवन नै हो यसर्थ सत्य इस्लामलाई अपनाई आफ्नो उद्धार गर, केवल एक अल्लाहको उपासना गर त्यस बाहेक अरु कुनै पूज्य छैन, पूजा एवं अराधना योग्य मात्र सर्वगुण सम्पन्न अल्लाह नै छ, त्यस बाहेक चाहे त्यो उसको अन्तिम संदेष्टा मुहम्मद वा अरू कुनै नबी एवं वली किन नहोस् यी सप्पैलाई आफ्नो अवश्यक्ताको पूर्तिको लागि नगुहार, मात्र अल्लाहलाई पुकार जुन सबैको पुकार सुन्दछ,

उही हो जसले मुहम्म्द सल्लल्लाहो अलैहे वसल्लमलाई पनि जन्मायो र नबी र वलीहरूलाई पनि र ती सबैलाई जस जसलाई बहुदेववादीहरू गुहार छन् । त हे मानव जाति त्यसै अल्लाहलाई गुहार जुन सबैमाथि सर्वशक्ति सम्पन्न छ जुन अदि र अन्त हो, जसको अधीनमा सम्पूर्ण ब्रम्हाण्ड छ, यो सबै जनी जानी बहुदववादी न बन, एक अल्लाहलाई अपनाऊ अल्लाह तिमीलाई स्नेह गर्नेछ, र यस्तो स्वर्गमा प्रविष्टगर्ने छ जसमा अप्सराहरू हुनेछिन्, दूध, मह, र मदिराका खोलाहरू हुनेछन्, र विभिन्न प्रकारका सुख समाग्री हुनेछन्, र त्यो सबै हुनेछ जसको तिमी चाहना गर्नेछौ ।

हे हाम्रा दाजु भाइहरू! तिम्रो उमेर सीमित छ मृत्यु आए पछि केही गर्नसक्दैनौ, यसर्थ जे गर्नेछ अहिले नै गरिहाल, बुढेसकालको प्रतिक्षा नगर, किनकी कतिपय जना बाल्यकाल मै चिहान भित्र पुगिहाल्छन्, त कतिपय जनालाई युवाकालमा नै काल आई समात्छ, सबैलाई मृत्युको स्वाद चाखनु पर्नेछ । र कसैलाई यो थाहाछैन कि उसको मृत्यु कहिले र कुन ठाउँमा हुनेछ । त हे भाइ आफ्नो जीवनको एक दिनलाई पनि धन्यमान र सुकर्मको बाटोतिर अग्रसर होऊ ।

हे मानव जाति ! आफ्ना पापहरूको क्षमायाचना गर र प्रतिक्षा नगर कि सूर्य पश्चिमबाट निस्कोस् अनि प्रयाश्चित गर्नेहरूको क्षमायाचना कबूल नगरियोस् तसर्थ आफ्नो

सौभाग्यलाई कार्यवन्यन गरी आफ्नो पालनकर्तासित क्षमा माँग, र राम्रो कर्मगर्ने अटोट गर, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको अनुयायी भई परलोक जाने प्रयत्नगर।

हे सर्वश्रेष्ठ प्राणी! जुन अनन्त शान्तिको खोजी यस संसारलाई छ त्यो शान्ति केवल इस्लाममा छ सम्पूर्ण संसारमा इस्लामको प्रचार गरी अनन्त शान्तिको अनुभव गर, र सम्सत ब्रम्हाण्डको कल्याण गरी स्वर्गको अधिकारी बन।

अन्तमा मेरो अल्लाहसित यो प्रार्थना छ कि अल्लाह हामी सबैलाई सत्य र सोझो मार्गमा चलाउन् र हामीलाई नर्कको आगोबाट बचाउन् र हामीलाई एकेश्वरवादमा सुदृढरहने शक्ति एवं भक्ति प्रदान गरुन् (आमीन)

इस्लामको सेवक

अतीकुर्रहमान मो॰ इदरीस खान मक्की

कपिलवस्तु नगरपालिका वार्ड नं.९ महुवा

तौलिहवा कपिलवस्तु नेपाल